मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १३४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० चैत १८ गते आइतवार (Sunday, 31 March. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## 'काम गर्न नसके बाहिरिन्छौं'

**फिक्कल, चैत १७।** उपप्रधानमन्त्री तथा गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफूहरु काम गर्नका लागि सरकारमा सहभागी भएको भन्दै काम गर्न नसकेका दिन सरकारबाट आफैं बाहिरिने बताएका छन् ।

शनिवार इलाम चोकबजारमा इलाम-२ उपनिर्वाचनका लागि पार्टीका उम्मेदवार घोषणासभालाई सम्बोधन गर्दै उनले भने-रास्वपा सरकारमा नगएको भए हुन्थ्यो भन्ने कुरा पनि आम नागरिकमा छ, तर हामी काम गरेर देखाउनका लागि सरकारमा सहभागी भएका हौं, केही सङ्केत देखाइसकेका छौं । उनले रास्वपा सरकारमा सहभागी भइसेकपछि सुशासन र सेवा प्रवाहमा जनताले अपेक्षा गरेअनुरुप सुधार सुरु भइसकेको दाबी गरे ।

# कोशीमा चिया नीति बनाउन सरोकारवाला प्रतिबद्ध

**बिर्तामोड, चैत १७।** चिया क्षेत्रमा देखिएको समस्या समाधान गर्नका लागि प्रदेश स्तरमा चिया नीति बनाउन प्रदेश सरकारका मन्त्री तथा राजनीतिक दलका नेता सहमत भएका छन् ।

चिया क्षेत्रका समस्या समाधान गर्न सक्ने गरी अधिकार सम्पन्न संयन्त्र बनाएर संयन्त्रलाई संघीय सरकारले समेत अनुमोदन र सहयोग गर्ने वातावरण तयार गर्नका लागि उनीहरु एकमत भएका हुन् ।

झापाको बिर्तामोडमा संवाद समूहले आयोजना गरेको प्रादेशिक चिया नीति संवाद कार्यक्रममा बोल्दै उनीहरुले कोशी प्रदेशमा चिया नीति बनाउने प्रतिबद्धता जनाएका छन् । कोशी प्रदेशको निर्यात अर्थतन्त्रमा महत्वपूर्ण योगदान ओगटेको र प्रदेशकै पहिचान चिया भएकाले चियालाई अगाडि बढाउनका लागि पनि यस क्षेत्रमा देखिएका सबै समस्या समाधान गर्न राजनीतिक दल एकजुट हुनुपर्ने उनीहरुको भनाइ छ ।

चिया क्षेत्रको अवस्था नीतिको आवश्यकता विषयक संवाद कार्यक्रममा बोल्दै कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्री रामकुमार खत्रीले चिया क्षेत्रको समस्या समाधानका लागि राजनीतिक दलहरुसँगको छलफललाई अगाडि बढाउँदै चिया नीति बनाउनका लागि प्रदेश सरकारको तर्फबाट पहल थाल्ने प्रतिबद्धता जनाए । उनले चिया क्षेत्रमा मजदुर, किसान, उद्योगी तथा बजारीकरणमा देखिएका समस्या समाधान गर्न सबै पक्ष लाग्नुपर्ने उल्लेख गरे ।

चियाको गुनासो सुन्ने मौका संवाद समूहले प्रदान गरेको भन्दै अब चिया क्षेत्रका समस्यालाई समाधान गर्न प्रदेश सरकारको तर्फबाट आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता समेत जनाए ।

चिया नीति नभएका कारण यस क्षेत्रमा देखिएका समस्या समाधान गर्न नसकिएको स्वीकार गर्दै मन्त्री खत्रीले यस्ता संवादले समस्या समाधानका लागि अग्रसर हुन प्रेरित गर्ने उल्लेख गरे । उनले कानून निर्माण पश्चात यस क्षेत्रलाई अगाडि बढाउने उल्लेख गरे ।

प्रदेशको नीतिले मात्रै प्रदेशको चियालाई थाम्न नसक्ने र संघीय सरकारले नै यसका लागि अनुदान, संरक्षण र प्रोत्साहनसहितको नीति बनाउनुपर्ने पूर्व मुख्यमन्त्री एवम् कांग्रेस संसदीय दलका नेता उद्धव थापाले बताए । उनले चिया क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि प्रदेशले नीति बनाउन आवश्यक रहेको भन्दै आफ्नो दलको तर्फबाट चिया नीति निर्माणका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले चिया क्षेत्रका श्रमिक, मजदुर, किसान, उद्योगी र व्यवसायीको समस्या समाधानका लागि सरकारले चासो दिनुपर्ने बताउँदै छुट्टै चिया नीति बनाएर देखिएका समस्या समाधान गर्नुपर्ने धारणा व्यक्त गरे ।



तस्वीर: विनोद पाण्डे/पूर्वाञ्चल

उनले चिया क्षेत्रमा वर्षेनि समस्या देखिने गरेकाले यसलाई समाधान गर्नका लागि आफ्नो तर्फबाट भरपुर प्रयास गरे पनि सबै राजनीतिक दल मिलेर अगाडि बढ्नुको विकल्प नभएको धारणा व्यक्त गरे ।

आफू पनि चिया कृषक भएकाले चिया क्षेत्रको समस्या राम्रोसँग बुझेको पूर्व उद्योग कृषि तथा सहकारी मन्त्री राम रानाले यसको समाधानका लागि प्रदेशले मात्रै केही गर्न नसक्ने भएकाले केन्द्रीय तहमा नै यसको बहस हुनुपर्ने धारणा व्यक्त गरे । एमाले नेता समेत रहेका पूर्व मन्त्री रानाले कोशी प्रदेश चियाको उद्गम क्षेत्र भएकाले यसको विकासका लागि सबै क्षेत्र एकजुट हुनुपर्ने विचार व्यक्त गरे ।

चियाकै कारण पूर्व क्षेत्रका नागरिक उद्यमी समेत बनेको प्रसंग उल्लेख गर्दै उनले चिया नीति निर्माण नहुँदा वर्षेनि समस्या झेल्नु परेको बताए । उनले चिया तथा कफी विकास बोर्डलाई प्रादेशिक संरचनाले नछुने भन्दै त्यसलाई प्रदेश मातहतमा नै ल्याउनुपर्ने धारणा व्यक्त गरे । प्रदेश तथा संघमा स्थायी सरकार नहुँदा चिया नीति सम्बन्धी कानून बनाउन समस्या भएको उल्लेख गरे । उनले भने- 'एउटा सरकारले विनियोजन गरेको बजेट अर्को सरकार आउने बित्तिकै परिवर्तन हुन्छ । यसले चियाप्रति राज्यले हेर्ने दृष्टिकोण रामो छैन भन्ने प्रष्ट हुन्छ ।'

पूर्व अर्थमन्त्री एवम् नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्रहाङ्बोले कोशी प्रदेशमा कृषिको प्रचुर सम्भावना भए पनि नीतिगत समस्याका कारण यस क्षेत्रका नागरिकले समस्या झेल्नु परेको उल्लेख गरे । उनले नीतिनिर्माण गर्न सके व्यापार घाटालाई समेत कम गर्न सकिने धारणा व्यक्त गरे ।

गत वर्ष १६ खर्ब ११ अर्बको आयात हुँदा त्यसमा पेट्रोलपछि खाद्यान्न रहेको र एक खर्ब ५७ अर्बको मात्रै निर्यात भएको भन्दै पूर्व मन्त्री आङ्बोले व्यापार घाटा खर्बौं रहेको उल्लेख गरे । उनले निर्यायमा ३९ प्रतिशत कृषिजन्य वस्तु भएको र ठूलो हिस्सा चियाले ओगटेको उल्लेख गरे । राज्यको निकाय किसान, श्रमिक र उद्योगीको कुरा सुन्नेतर्फ नभएकाले यसलाई कानून मार्फत सुन्ने बनाउनका लागि पनि चिया नीति जरुरी रहेको उनको भनाइ छ । उनले प्रदेशमा नै नीतिनिर्माण गरेर प्रदेशमा रहेका कृषि क्षेत्रको प्रवर्द्धन गर्न लाग्नुपर्ने धारणा व्यक्त गरे । चिया विकास बोर्डलाई प्रादेशिक संरचनाले चिन्दैन यो बोर्ड अधिकारविहीन छ । उनले भने- 'यसले चिया विकासमा योगदान गर्छ भन्नेमा नेताहरु नै विश्वस्त छैनन् ।'

पूर्व कृषि मन्त्री एवम् राष्ट्रिय प्रजातन्त्र पार्टीका



संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले चिया स्वयम् आफैंमा उद्यम भएकाले यसको विकासमा लाग्नुपर्ने धारणा व्यक्त गरे । चिया क्षेत्रको समस्या समाधान गर्छु भन्दै चुनावको बेलामा चुनावी एजेण्डा मात्रै बनाउने काम राजनीतिक दलले गरेको तर एक सय ६० वर्ष पुरानो इतिहास बोकेको चिया क्षेत्रको समस्या समाधान गर्न सिन्को समेत नभाँचेको उनको भनाइ छ । उनले राजनीतिक दलको लुछाचुडीकै कारण अहिलेसम्म चिया नीति बन्न नसकेको धारणा व्यक्त गरे ।

चिया क्षेत्रमा स्पष्ट नीति नभएकाले यसको समाधान प्रदेशले गर्न नसक्ने भन्दै केन्द्र सरकारले यसका लागि आवश्यक छलफल र नीति तथा कानून बनाउन अग्रसरता देखाउनुपर्ने धारणा व्यक्त गरे । उनले प्रदेश स्तरमा हुने प्रादेशिक चिया नीति निर्माणका लागि आफ्नो दलको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले उद्योगी, मजदुर, किसान तथा व्यवसायी सबै क्षेत्रमा समस्या रहेकाले यसको विकल्पका लागि अक्सन बजार खुल्ला गरेर आफ्नो उत्पादनलाई ब्राण्डिङ गर्दै विदेश निर्यात गर्नेतर्फ सरकारले सोच्नुपर्ने विचार व्यक्ति गरे ।

कार्यक्रममा राष्ट्रिय चिया तथा कफि विकास बोर्डका निर्देशक डा. दीपक खनालले राष्ट्रिय चिया नीति २०५७ मा धेरै विषय उल्लेख भएकाले उक्त नीति कार्यान्वयन भए मात्रै पनि अहिले चियाको समस्याभन्दा पनि चिया क्षेत्रको बजारको विषयमा छलफल हुने उल्लेख गरे । उनले चिया क्षेत्रको समस्या समाधान गर्न राजनीतिक नेतृत्व अग्रसर हुनुपर्ने धारणा व्यक्त गरे । चियालाई संस्थागत रुपमा प्रबर्द्धन गर्न सबै लाग्नुपर्ने उनको भनाइ छ ।

डा. खनालले भने- '२०५० सालमा स्थापना भएको बोर्डले ३० वर्षको यात्रामा नीतिगत प्रष्टता नहुँदा धेरै समस्या भोग्नुपरेको छ । हामीले सरकारले दिएको बजेटमध्ये ७० प्रतिशत बजेट तलब, भत्तामा खर्च गर्नुपरेको छ । बाँकी रहेको ४० प्रतिशतले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म चिया र कफि सम्बन्धी कार्यक्रम गर्नुपर्छ ।' उनले सरकारले स्पष्ट नीति

(बाँकी अन्तिम पृष्ठमा)

## एमाले झापाको अध्यक्षमा गिरी



**झापा, चैत १७।** नेकपा एमाले झापाको ११ औं अधिवेशनले प्रेमबहादुर गिरीलाई अध्यक्षमा निर्विरोध चयन गरेको छ ।

अध्यक्षका प्रत्यासी उम्मेद्वार भनिएका शिव ढुङ्गेलले उम्मेद्वारी नदिएपछि गिरी अध्यक्षमा निर्बिरोध भएका हुन् । अध्यक्ष गिरीसँगै उपाध्यक्षमा शिव ढुंगेल र सचिवमा तुलसी कार्की समेत निर्विरोध चयन भएका छन् ।

शनिवार बिहान १०.३० बजेदेखि दिउँसो ३ बजेसम्म तोकिएको उम्मेदवारी दर्ताको समयभित्र अध्यक्ष, उपाध्यक्ष र सचिवमा एक-एक जनाको मात्र उम्मेदवारी दर्ता भएको हो । उपसचिवमा भने असारु राजवंशी, अनिता कन्दङ्वा र टीका मग्रान्तीले उम्मेदवारी दिएका छन् ।

यसअघि अध्यक्ष पदका लागि आकांक्षा राखेका ढुंगेल उपाध्यक्षमा सर्वसम्मत भएका हुन् । उनलाई प्रदेश कमिटीमा लैजाने चर्चा पनि रहेको थियो । पार्टी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेपछि बिहीवार साँझबाट निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो । जिल्ला अधिवेशनबाट १५० सदस्यीय कमिटी बन्ने भएको छ । त्यसका लागि करिव ३५० जनाले उम्मेदवारी दिएको जनाइएको छ ।

## काजकिरिया गर्न घर जाँदा ...

**झापा, चैत १७।** गोरखाको गोरखा नगरपालिका-७ का ३९ वर्षीय शंकर रोकाया बिरामी थिए । उनको उपचारका लागि श्रीमती बबिता रोकायालगायत आफन्त केही दिनदेखि काठमाडौंमा थिए ।

तर उपचारकै क्रममा शुक्रबार दिउँसो शंकरको मृत्यु भयो । परिवारका सदस्य र आफन्तले पशुपति आर्यघाट लगेर उनको दाहसंस्कार गरे ।

क्यान्सर रोगका कारण निधन भएका शंकरको शुक्रबार राति पशुपतिमा दाहसंस्कार सकेर काजकिरियाका लागि रोकाया परिवारले घर गोरखा जाने निर्णय गर्‍यो । परिवारका सदस्य, आफन्त सबैजना साना चारवटा गाडीमा जाने निर्णय भयो । जसमध्ये एउटा गाडी (ट्याक्सी) शंकरकै बहिनीज्वाइँ अर्जुन शिर्मलको थियो । बाँकी दुईवटा ट्याक्सी पनि आफन्तले नै जुटाए । गाउँबाट शंकरको दाहसंस्कारका लागि दाजुभाइहरू पनि काठमाडौं आएका थिए । सबैजना नअट्ने भएपछि उनीहरूले अर्को एउटा गोरखा-काठमाडौं चल्ने माइक्रोभ्यान रिजर्भ गरे ।

(बाँकी अन्तिम पृष्ठमा)

## गौरादहमा एक महिलाको हत्या

**झापा, चैत १७।** छिमेकीको कुटाइबाट झापामा एक जना महिलाको मृत्यु भएको छ । गौरादह वडा नं ७ तामाङ चोक बस्ने ३५ वर्षीया सुमित्रा मुर्मूको छिमेकीको कुटाइबाट मृत्यु भएको हो ।

बुधवार राति ९ बजेको समयमा स्थानीय ४५ वर्षीय मेघराज दर्जीले मुर्मूलाई मरणासन्न हुनेगरी कुटपिट गरेका थिए । दर्जीले चामल चोरिरहेको अबस्थामा मुर्मूले फेला पारेको उनलाई पक्राउ गर्न खोज्दा चोरीमा संलग्न दर्जीले मुर्मूलाई संवेदनशील अंगहरुमा मुक्का र लात प्रहार गरी घाइते बनाएर भागेको बताइएको छ ।

घाइते मुर्मूलाई छिमेकीले आम्दा अस्पताल दमक पुऱ्याए पनि उनको उपचारका क्रममा मृत्यु भएको बताइएको छ । मृतकका आफन्तहरुले अस्थायी प्रहरी चौकी जुरोपानीमा उजुरी दिएपछि हत्यामा संलग्न दर्जीलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएको टोलीले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## शौचालयमा लडेर प्रसाईको मृत्यु

**झापा, चैत १७।** शौचालयमा लडेर झापामा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा शिवसताक्षी ८ का ५७ वर्षीय सूर्यप्रकाश प्रसाई रहेका छन् । उनी शुक्रवार शौचालयभित्र लडेका थिए । शौचालयमा लडेर घाइते प्रसाईलाई उपचारका लागि बिर्तासिटी हस्पिटल बिर्तामोडमा भर्ना गरिएकोमा उपचारका क्रममा मृत्यु भएको बताइएको छ ।

## लागूऔषधसहित पक्राउ

**झापा, चैत १७।** कनकाई नगरपालिका - ३ डाइमन टोलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम १ सय २० मिलिग्राम र अवैध लागूऔषध गाँजा ४ ग्राम १ सय ७० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही नगरपालिका-४ बस्ने २१ वर्षीय सञ्जय चौधरी र ३० वर्षीय रोशन चौधरी रहेका छन् । इलाका प्रहरी कार्यलय सुरुङ्गाबाट खटिएको प्रहरीले सञ्जयको साथबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ र रोशनको साथबाट गाँजा फेला पारी पक्राउ गरेको हो ।

यसैगरी भद्रपुर नगरपालिका-५ मेचीपुलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ६ सय २०

(बाँकी अन्तिम पृष्ठमा)

## हात्तीको आक्रमणबाट महिलाको मृत्यु

**दमक, चैत १७।** झापाको कमल गाउँपालिकामा शुक्रवार राति हात्तीको आक्रमणमा परी एकजना महिलाको मृत्यु भएको छ । वडाध्यक्ष लालबहादुर विष्टका अनुसार कमल गाउँपालिका-५ गुह्येश्वरी टोलकी ५८ वर्षीया खड्गमाया लिम्बूको मृत्यु भएको हो ।

छिमेकी पवित्रा बेघाको घरमा सुतिरहेका बेला राति ११:५० बजे हात्तीले घर भत्काउँन थालेपछि भाग्ने क्रममा निजमाथि आक्रमण भएको थियो । उनको घटनास्थलमा नै मृत्यु भएको वडाध्यक्ष विष्टले बताए ।

लिम्बू परिवार केही वर्षदेखि रतुवा माई वृक्षरोपण आयोजनाको जङ्गल हातामा

(बाँकी अन्तिम पृष्ठमा)

फ्ल्याट भाडामा

बिर्तामोड बाल्मीकि स्कूल
नजिकै फ्ल्याट भाडामा छ ।

सम्पर्क :- ९८४४६८५६०५, ९८२३७२६९७९



## कोशीमा ...



नबनाउँदा र पर्याप्त बजेट नदिँदा चिया क्षेत्रको समस्या समाधान गर्न नसकेको धारणा व्यक्त गरे । उनले आफू कर्मचारी मात्र भएकाले नीतिगत निर्णयहरु नेतृत्व तहबाट हुनुपर्ने भएकाले त्यसतर्फ लाग्न प्रदेश, सांसद तथा स्थानीय जनप्रतिनिधिलाई उनले आग्रह समेत गरेका छन् ।

कार्यक्रममा टिप्पणीकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. लेखराज दाहालले संवाद समूहले आयोजना गरेको प्रादेशिक चिया नीति संवाद कार्यक्रम उत्कृष्ट भएको उल्लेख गरे । उनले यो कार्यक्रमले प्रदेश तथा केन्द्रीय स्तरमा चिया सम्बन्धी नीति निर्माणका लागि पहल गर्ने उल्लेख गरे ।

चिया क्षेत्रमा मजदुर, किसान, उद्योगी तथा व्यवसायीका समस्या उजागर भएकाले सबै राजनीतिक दलले यसलाई अपनत्व गर्दै चिया नीतिनिर्माणका लागि पहल गर्ने प्रतिबद्धता जनाउनु उत्कृष्ट भएको उल्लेख गरे ।

कार्यक्रममा चिया क्षेत्रको प्रोत्साहनका लागि चिया मजदुरलाई रासन कार्डको व्यवस्था गर्नुपर्ने मजुदर तथा मजदुर नेताहरुको माग रहेको थियो । त्यस्तै चियामा मल, जल र सिँचाइ आवश्यक पर्ने भएकाले यस क्षेत्रमा प्रदेश तथा केन्द्रीय सरकारले उद्योगीहरुलाई विशेष सहुलियत दिनुपर्ने माग गरेका थिए ।

त्यस्तै उत्पादन भएका वस्तुलाई बजारसम्म पुऱ्याउने व्यवसायीहरुले प्याकेजिङका क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारले पहल गर्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा सूर्योदय नगरपालिकाका नगर प्रमुख रणबहादुर राईले प्रधानमन्त्री कृषि आधुनिककरणमा चिया क्षेत्रलाई नसमेटिएको भन्दै प्रदेशका सांसद तथा सरकारको ध्यानाकर्षण गराएका छन् । उनले स्थानीय तहसँग प्रदेश सरकारले चिया नीति सम्बन्धी कुनै छलफल नै नगरेको भन्दै आफ्नो क्षेत्रमा करिब ६५ लाख बराबरका हाते औजार वितरण गरेको उल्लेख गरे ।

त्यस्तै कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईले चिया क्षेत्रलाई कृषिसँगै पर्यटनमा समेत जोड्नुपर्ने उल्लेख गरे । चिया भएकै कारण इलाम तथा धनकुटा लगायतका क्षेत्रहरु पर्यटकीय क्षेत्र समेत बनेको उल्लेख गर्दै उनले चिया क्षेत्रको समस्या समाधानका लागि प्रदेश तथा केन्द्र सरकार लाग्नुपर्ने धारणा व्यक्त गरे । चियाको निर्यातबाट अर्बौं रुपैयाँ नेपाल भित्रने र राजश्वमा पनि चियाको ठूलो योगदान रहेकाले यस क्षेत्रको समस्या समाधानका लागि सबै लाग्नुपर्ने विचारा व्यक्त गरे ।

कार्यक्रममा प्रदेश लगानी प्राधिकरणका डा. सरोज कोइरालाले चियाको प्रदर्द्धन कसरी गर्ने भन्ने विषयका लागि भएको छलफल उत्कृष्ट रहेको उल्लेख गरे । उनले प्रदेश सरकारले चियालाई विश्व बजारमा चिनाउनका लागि अन्तर्राष्ट्रिय चिया सम्मेलनको तयारी समेत गरेको उल्लेख गरे । उनले कोशी प्रदेशमा उत्पादन हुने अर्थोडक्स तथा सिटिसी चियालाई विश्व बजारमा प्रबर्द्धन गर्नका लागि प्रदेश सरकारले विधिवत् रुपमा शुरु गरेकाले अन्तर्राष्ट्रिय चिया सम्मेलन ऐतिहासिक हुने विश्वास व्यक्त गरे । उनले कोशी प्रदेशको मुख्य बालीको रुपमा रहेको चिया क्षेत्रको समस्या समाधानका लागि भएका बहस र छलफल सकारात्मक भएको उल्लेख गरे ।

कार्यक्रममा सीता सापकोटा, रविन राई, चण्डी पराजुली, भुपाल सापकोटा, ओमकृष्ण विमली, मिलनकुमार कोइराला, सञ्जिव घिमिरे, संगीता रौनियार लगायतले बोलेका थिए । उनीहरुले चिया क्षेत्रको समस्या समाधान गर्न राजनीतिक दल तथा प्रदेश सांसदहरुलाई आग्रह गर्दै चिया नीतिनिर्माणका लागि पहल थाल्न आग्रह गरे । उनीहरुले अक्सन बजारका विषयमा समेत सरकारले चासो दिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

कार्यक्रममा नेपाली चियाको अर्थराजनीति शिर्षकको पुस्तक विमोचन गरिएको थियो । मानव प्रकाश, अर्जुन राजवंशी र मनोज ढकालले लामो अध्ययनपछि प्रकाशन गरेको उक्त पुस्तकमा चिया क्षेत्रको समस्या, बजारीकरणमा देखिएका समस्या, यसको प्रबर्द्धनमा लेख्नुपर्ने भूमिका, नेपालमा चिया सम्बन्धी नीति तथा कानून, चिया खेतीमा श्रम, चिया उद्योगमा श्रम, सहकारी प्रणाली र ठूला उद्योगमा श्रमको भिन्नता तथा झापा र इलाममा चिया उद्योगको आर्थिक महत्व लगायतका विषयलाई समेटिएको बताइएको छ ।

पुस्तकमा समेटिएका विषयका बारेमा लेखक मानव प्रकाशले प्रष्ट पारेका थिए । चिया नीति सम्बन्धी संवादको सहजीकरण पत्रकार अर्जुन राजवंशीले सहजीकरण गरेका थिए भने कार्यक्रममा स्वागत संवाद समूहकी सदस्य एवम् अधिवक्ता कविता शर्माले गरेकी थिइन् । संवाद समूहका सदस्य डा. रुपक खनालले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रममा कोशी प्रदेशका चिया सम्बन्धी सरोकार राख्ने विभिन्न क्षेत्रका व्यक्तिहरुको उल्लेख्य सहसभागिता रहेको थियो ।

## पत्रकार निरौलालाई मातृशोक



**झापा, चैत १७।** नेपाल पत्रकार महासंघ झापाका सदस्य तथा कनकाई खबर अनलाइन पत्रिकाका सम्पादक राम निरौलालाई मातृशोक परेको छ ।

सुरुङ्गा प्रेस क्लवका अध्यक्ष समेत रहेका निरौलाकी आमा हेमकला निरौलाको शनिवार विहान कनकाई वडा नं. ७ स्थित निजी निवासमा ७० वर्षको उमेरमा निधन भएको हो ।

स्व. हेमकलाका पति टीकाराम निरौला, एक छोराबुहारी राम निरौला-शान्ता निरौला र सात जना छोरी रहेका छन् । छोरी ज्वाँइहरुमा इन्दु-भरत अधिकारी, गोमा-तारानिधि दवाडी, लक्ष्मी-राम कट्टेल, नर्वदा-डम्बर बराल, कल्पना-भीम भण्डारी, इन्दिरा- दुर्गा पोखरेल, गीता-दामोदर भट्टराई रहो छ । २०१० साल भदौ २९ गते हेमकलाको जन्म भएको थियो ।

## लक्ष्मीपुर खानेपानीको साधारणसभा

**बिर्तामोड, चैत १७।** लक्ष्मीपुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको १० औं बार्षिक साधारणसभा सम्पन्न भएको छ । झापाको कनकाई र अर्जुनधारामा कार्यालय रहेको संस्थाले शनिवार अर्जुनधारा -५ स्थित बिहीबारे बजारमा साधारणसभा गरेको हो ।

संस्थाका अध्यक्ष लीलाबहादुर कटुवालको अध्यक्षतामा भएको कार्याक्रममा कोशी प्रदेश सांसद चिन्तन पाठक (त्रिलोचन) को प्रमुख आतिथ्य रहेको थियो । स्वागत संस्थाका सदस्य हेमकुमारी चौधरीले गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव केशवप्रसाद ओझाले गरेका थिए ।

कनकाई ८ र ९, अर्जुनधारा ५ साविक ६ साथै बिर्तामोडकोसमेतका केही क्षेत्रलाई शुद्ध खानेपानी बितरण गर्ने उद्देश्यले स्थापना भएको संस्थामा हाल ७८१ वटा धारा जडान गरिएको अध्यक्ष कटुवालले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै गत बर्षको साधारणसभा उठेका प्रश्न र सुझावको आधारमा ७७ वटा धारा ५० प्रतिशत छुटमा जडान गरिएको अध्यक्ष कटुवालले जानकारी दिए । खानेपानी संस्थाले आगामी बर्षदेखि एसएमएस सेवा सञ्चालन गरेर प्रत्येक उपभोक्तालाई सूचना प्रवाह गर्ने समेत भएको छ ।

संस्थाले १० हजार लिटरसम्मको पानीको महसुल १५० रुपैयाँ लिने गरेको सदस्य बुद्धिसागर कट्टेलले जानकारी दिए । उनका अनुसार हाल नयाँ सदस्यलाई १० हजार रुपैयाँमा धारा



जडान गरिंदै आएको छ भने पुराना सदस्यलाई जम्मा भएको रकमबाट घटाएर जडान गरिने गरेको छ । संस्थामा हाल एक हजार एकसय ३५ जना उपभोक्ता रहेको कट्टेलले बताए ।

आर्थिक बर्ष २०७९/८० मा बिभिन्न शिर्षकमा ९१ लाख ५५ हजार ८५ रुपैयाँ ९४ पैसा आम्दानी गरेको संस्थाले राष्टिय बाणिज्य बैंक बिर्तामोडमा ६ लाख ६७ हजार ७६ रुपैयाँ बागेडाँगी त्रिबेणी सहकारीमा १३ लाख २९ हजार ३२५ रुपैयाँ बचत रहेको छ भने अन्य बिभिन्न शीर्षकमा खर्च भएको साधारणसभामा प्रस्तुत लेखा प्रतिवेदनमा उल्लेख छ। लेखा प्रतिवेदन संस्थाका सदस्य नारायण काफ्लेले प्रस्तुत गरेका थिए ।

त्यस्तै संस्थाले केन्द्रिय र प्रदेश सरकारबाट अनुदानबापत १ करोड ६० लाख माग गर्ने, आन्तरिक उपभोक्ता तथा महसुलबाट १९ लाख ३० हजार र सडक कालोपत्रे अन्तरगत कनकाई र अर्जुनधारा नगरबाट १ करोड माग गर्ने प्रस्ताव साधारणसभामा पेश गरेका थियो । संस्थाले आगामी बर्षदेखि धारा जडान गर्नेलाई मात्र उपभोक्ता मानेर उपभोक्ता कार्डसमेत बितरण गर्ने प्रस्ताव समेत पेश गरेको छ ।

कार्यक्रममा जग्गादाताका तर्फबाट छबिलाल लम्साल, हस्त-पद्मा खानेपानी घैलाडुब्बाका उपाध्यक्ष गोबिन्द श्रेष्ठ, उपभोक्ताहरुका तर्फबाट देवराज बुढाथकीलगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा संस्थाका लागि जग्गा प्रदान गर्ने तेजकुमार गिरी, चुडामणि आचार्य, कनकाई ८ का र अर्जुनधारा ५ का कार्यपालिका सदस्य तथा जनप्रतिनिधि, बिभिन्न सामाजिक ब्यक्तित्व, स्थानीय संघसंस्थाका प्रमुख तथा प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । संस्थामा कार्यालय सहायक अनिता खड्का र सहायक प्राबिधिक खगेन्द्र खड्का कर्मचारीका रुपमा कार्यरत रहेका छन् ।


# महिनाबारीको समयमा ध्यान दिऔं

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोएपछि घाममा राम्रोसँग सुकाएर मात्र पुनःप्रयोग गरौं,
- सामान्य शारीरिक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं,

सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# श्री जामुनबारी सामुदायिक वन उपभोक्ता समूह
## जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्र
कनकाई नगरपालिका वडा नं. २,१ को झापा

**सूचना ! सूचना !! सूचना !!!**

मिति : २०८०।१२।१८

**यो जो सँग सम्बन्धित छ ।**

उपरोक्त सम्बन्धमा यस श्री जामुनवारी सामुदायिक वन उपभोक्ता समूह एवम् जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्र कनकाई न.पा. १, २ झापाको वन ऐन २०७६, वन नियमावली २०७९ अनुसार तेस्रो संशोधित विधान २०८० मा यस समूहको "ख" वर्गको उपभोक्ता साविक सुरुङ्गा ७, ९ र घैलाडुब्बा २ का वडाबासीहरु रहने व्यवस्था भए बमोजिम मिति २०८० चैत्र २८ गतेभित्र कार्यालय समयमा "ख" वर्गको उपभोक्तामा सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

ख्यामराज सिटौला
अध्यक्ष


## काजकिरिया...

मृतक शंकरकी आमा ७० वर्षीया जुनकिरी रोकायासहित उनका दुई छोरी र दुई नाति ज्वाइँ अर्जुनले चलाउने ट्याक्सीमा चढे । बा २ झ ४१९६ नम्बरको ट्याक्सीमा उनीहरू जम्मा ६ जना थिए । दुर्भाग्यवश ! गोरखा जाँदै गर्दा उक्त ट्याक्सी शनिबार बिहान चितवनस्थित त्रिशूली नदीमा खस्यो । चालकसहित ५ जना घटनास्थलमै बिते भने एक जना यो समाचार तयार पार्दासम्म बेपत्ता छन् ।

दुर्घटनामा जुनकिरीकी ज्वाइँ ३५ वर्षीय अर्जुन शिर्मल, अर्जुनकी श्रीमती तथा जुनकिरीकी छोरी २८ वर्षीया अञ्जना, जुनकिरीकी जेठी छोरी ४१ वर्षीया हरिमाया उपरकोटी र हरिमायाका छोरा ९ वर्षीय आगमनको मृत्यु भयो । शंकर र बबिताका छोरा १८ वर्षीय दिवश भने अझै फेला परेका छैनन् ।

शंकरकी श्रीमती तथा दिवशकी आमा बबिता भने अर्को ट्याक्सीमा थिइन् । उनी सवार ट्याक्सी मुग्लिन पुग्दा पनि अर्जुनले चलाएको ट्याक्सी नआइपुगेपछि चालकलगायत त्यस ट्याक्सीमा सवार आफन्तकोमा फोन लगाइन् । तर त्यो ट्याक्सीमा सवार सबैजनाको फोन नलागेपछि आफन्तहरूले चितवन प्रहरीमा खबर गरे ।

खबर पाउनासाथ प्रहरीको टोली ट्याक्सी खोज्न निस्कियो । खोज्दै जाँदा सडकको डिभाइडर भाँचिएको देखेपछि त्रिशूलीमा खसेको अवस्थामा ट्याक्सी फेला पारिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रवक्ता डीएसपी श्रीराम भण्डारीले जानकारी दिए । काठमाडौंमा श्रीमान्को दाहसंस्कार सकेर घर गोरखा जाँदै गरेकी बबिताको जीवनमा अर्को दुर्भाग्य आइलाग्यो । पतिको शोकमा रहेकी उनले एकसाथ छोरासहित सासू, नन्द, ज्वाइँ, दिदी र भाञ्जा बाटोमै गुमाइन् ।

## हात्तीको...

कटेरो बनाई बस्दै आएका थिए । वर्ष दिनअघि सोही बस्तीमा हात्तीको आक्रमणमा परेर ५८ वर्षीय रोहित रेग्मीको मृत्यु भएको थियो । जिल्लाको शिवसताक्षीमा तीन दिनअघि हात्तीले आक्रमण गर्दा शिवसताक्षी-११ की ६० वर्षीया पवित्रा भेटवालको मृत्यु भएको थियो भने उनका श्रीमान् ६२ वर्षीय दिलीप भेटवाल गम्भीर घाइते भएका छन् ।

यस वर्ष हात्तीको आक्रमणबाट झापामा सात जनाको मृत्यु भइसकेको छ भने सात जना घाइते भएका डिभिजन वन कार्यालयकी सूचना अधिकारी अञ्जना पुरीले बताइन् ।

## लागूऔषध...

मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा हल्दीबारी गाउँपालिका-२ बस्ने २४ वर्षीय कमल बिक र २० वर्षीय प्रतिक तामाङ रहेका छन् । प्रहरी बिट मेचीपुलबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका मे.३ प ७८११ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यसैगरी मेचीनगर-६ स्थित मेची पुलबाट लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम ५ सय मिलिग्रामसहित भोजपुर ट्याम्केमैयुम गाउँपालिका-७ बस्ने २९ वर्षीय उगेन दर्जीलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई प्रहरीले पक्राउ गरेको हो ।

उता सुन्दरहरैचा नगरपालिका-७ पाथिभरा टोलबाट लागूऔषध ब्राउनसुगर करिब २ ग्राम ५१ मिलिग्रामसहित २ जनालई प्रहरीले पक्रउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी इटहरी -५ बस्ने २५ वर्षीय जीबन लिम्बू र २६ वर्षीय सुमन लिम्बू रहेका छन् ।


# श्री राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय फिक्कल परिसरमा रहेका स्थिर सम्पति लिलाम बिक्री गर्ने सम्वन्धी सूचना !

प्रकाशित मिति : २०८०।१२।१८

राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, फिक्कल परिसरमा रहेका स्थिर सम्पत्ति (फर्निचर फिक्चर्स, कम्प्यूटर र कार्यालय उपकरण ) अन्तर्गतका पुराना सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाक बढाबढको प्रक्रियाद्वारा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक, व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**डाक बढाबढ हुने स्थानः राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय फिक्कल**
**मिति, समय : २०८०।१२।२५ गते दिउँसो १२:०० बजे**

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, फिक्कल, इलाम



# VACANCY ANNOUNCEMENT

## GREENFIELD WORLD SCHOOL, BIRTAMODE-1, JHAPA, NEPAL

The school invites applications from qualified and highly motivated applicants for the following posts.

| Post | Level | No. of vacancy | Qualification | Experience |
|---|---|---|---|---|
| English | Secondary | 01 | Bachelor's degree/ (Master's preferred) | 2 years |
| Science | Secondary | 01 | Bachelor's degree/ (Master's preferred) | 2 years |
| Computer | Secondary | 01 | Bachelor's degree/ (Master's preferred) | 2 years |
| Economics & Accountancy | Secondary | 01 | Bachelor's degree/ (Master's preferred) | 2 years |
| English | Primary | 01 | Bachelor's degree / Montessori trained preferred. | 2 years |
| Mathematics | Primary | 01 | Bachelor's degree / Montessori trained preferred. | 2 years |
| Science | Primary | 01 | Bachelor's degree / Montessori trained preferred. | 2 years |

Note:
- Strong content knowledge.
- Sound knowledge on basic computer operation skills.
- Ability to work as a part of a team, motivated and committed, willingness to learn and grow.
- Fluency in spoken and written English.
- Efficiency in Academics, co-curricular activities as well as extra-curricular activities.

: All the interested candidates who fulfill the above-mentioned criteria may drop their CVs personally in the school's office or via mail within 2080/12/23.

E-mail: greenfieldworldschool@gmail.com

Phone No.: 023-532208 / +9779816936368 Administration GFWS


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

**पूर्वाञ्चल**

**सम्पादकीय**

## पहिचानलाई राजनीतिक हतियार नबनाऔं

**पहिचान यथार्थ हो । हरेक हिसाबले सबै मानिस एकै हुन सक्दैनन् । विशेषतः नेपालको पूर्वी क्षेत्र यतिबेला फेरि पहिचानको राजनीतिले आक्रान्त छ । प्रदेश नं. १ को नामकरणको विषयलाई लिएर आदिवासी एकातिर, जनजाति अर्कातिर र नेकपा एमाले, नेपाली काङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा माओवादी केन्द्र मिलेर कोशी प्रदेश नाम राखेर तेस्रो विचार निर्माण भएको छ । सबै दलमा ढलपलको स्थिति छ । नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । विविधताका बीच एकता नेपालीहरूको यस्तो विशेषता हो, जसमा नेपाली हुनुको स्वत्व लुकेको छ ।**

**नेपालका सम्पूर्ण जाति तथा समुदायको संस्कृति संरक्षण र जातीय पहिचान स्थापित गर्ने उद्देश्यबाट मुलुकको संविधानका शब्द र अक्षरहरू परिलक्षित हुनुपर्ने हो, तर राज्यका तर्फबाट उपेक्षा र सदियौंदेखिको राज्य संरचनाका कारण फरक रुप र सारका शोषण आज पनि जारी छ । जातीय पहिचानको कुरा एकातिर उठिरहेको छ भने अर्कोतिर समाज सांस्कृतिक अन्तरघुलन भएर नयाँ सभ्यता र संस्कृतिको विकासको बाटोमा लागिरहेको छ । तर, आधुनिक विश्वको मान्यताले जातका आधारमा होचोअर्घेलो गर्ने युग सकिएको र काम र गुणको आधारमा मानिसको मूल्याङ्कन गर्ने युगको शुरुवात भएको छ । जाति, धर्म र संस्कृति मानिसलाई देश जत्तिकै प्यारो हुन्छ । मानव समाज वस्तुतः आ–आफ्नो स्वार्थ समूह हो । हाम्रा प्रत्येक व्यवहार तिनै स्वार्थद्वारा नियन्त्रित र निर्देशित छन् ।**

**आ–आफ्नो समूहको पहिचान, रक्षा र विकास गर्न खोज्नु स्वभाविक हो । जैविक र व्यवहारगत चरित्रहरूको सामाजिक व्यवस्थापन हुन नसक्दा पहिचानको प्रश्न जन्मिन्छ । मुलुकका सबै जात, धर्म, भाषा र संस्कृति मान्नेहरुलाई राज्यले समान दृष्टिले नहेरेकै कारण जातीय समस्याका रूपमा पहिचानको प्रश्न जब्बर बनेको छ । उमेर, लिङ्ग, वर्ण, शिक्षा, जाति, धर्म भाषा, संस्कृति, भूगोल, राजनीतिक आस्था आदि पहिचानका आधार हुन् । तहगत दृष्टिले व्यक्ति, परिवार, गाउँ, नगर र समुदाय, जिल्ला, प्रदेश र राष्ट्र स्तरका पहिचान हुन्छन् । राष्ट्रिय तहमा भौगोलिक, राजनीतिक, आर्थिक, सामरिक, प्राकृतिक स्रोतसम्पदा र जनसंख्या आदि सामर्थ्यहरूको समष्टिगत रूप नै पहिचान हो । यी सबै बिर्सेर अन्धाधुन्ध रुपमा पश्चिमा संस्कृतिको ठाडो नक्कल गर्नु घातक कुरा हो ।**

**इलाम क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य माननीय सुवासचन्द्र नेम्बाङको देहावसानपछि रिक्त स्थानमा आउँदो बैशाख १५ मा हुने चुनावमा पहिचानवादीले साझा उम्मेदवार दिएर आफ्नो सारा असन्तुष्टिको तुष्टि चुनाव मार्फत अभिव्यक्त गर्न खोजिरहेको देखिन्छ । आफ्नो जातीय, धार्मिक लगायतका पहिचानलाई बिर्सिएर जातीय अस्तित्व लोप हुँदै गएको छ । जातीय संस्कृति, पहिरन, खानपान, भाषा, रहनसहन लगायतका पहिचानको संरक्षण गर्नु सबैको दायित्व हो । तर, पहिचान संरक्षणका नाममा राजनीतिक दल खोली संवेदनशील विषयमा राजनीति गर्न खोज्दा अति नै दुःखदायी परिणाम प्राप्त भएको संसारको इतिहासले देखाएको कुरालाई पनि हामीले बिर्सन हुँदैन ।**

# सिटौलामाथि कमरेड दाहालले चलाएको करौंती



**इ. महेन्द्र पराजुली**

टावरिङ पर्सनालिटी युगपुरुष नेपाली काङ्ग्रेसका तत्कालीन सभापति एवम् पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सानिध्यमा रही विश्वास पात्र भएर नेपालको शान्ति प्रक्रिया र संविधान निर्माणमा समन्वयात्मक भूमिका खेलेका नेपाली काङ्ग्रेसका पूर्व महामन्त्री एवम् पूर्व उपप्रधानमन्त्री समेत रहिसकेका नेता कृष्णप्रसाद सिटौलाका जीवनकालमा धेरै उतार-चढाव आई केही वर्षयता पार्टी र राष्ट्रिय राजनीतिको परिदृश्यमा ओझेल जस्तै थिए। उनी 'फ्रण्टलाइन'मा देखिएनन्।

पार्टीको १४औं महाधिवेशनपछि त सिटौला गुमनाम जस्तै थिए राष्ट्रियसभा सदस्य हुनुअघि। २०७९ को आमनिर्वाचनमा झापा ३ बाट लगातार दोस्रो पटक पनि उनै चिरपरिचित पुरानै प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनसँग पराजित भएपछि झनै शिथिल बन्दै गए। संविधानसभामा मस्यौदा समितिको सभापति हुँदा बढेको सिटौलाको कद र ओज खस्केको आभाष हुन्छ भने राजनीतिक यात्रामा कतै 'ब्रेक' लाग्ने होइन ? संशय गर्छन् राजनीतिक विश्लेषक।

काङ्ग्रेसको १३औं महाधिवेशन हुने बेलासम्म संस्थापन समूहमै रहेका सिटौलाले सभापति सुशील कोइरालाको मृत्युपछि संस्थापन पक्षले रामचन्द्र पौडेललाई सभापतिको उम्मेदवार बनाएपछि कित्ता परिवर्तन गर्दै तेस्रो समूह बनाए। आफ्नो धारबाट गगनकुमार थापालाई महामन्त्री र उमाकान्त चौधरीलाई कोषाध्यक्षमा प्रतिस्पर्धी बनाउँदै आफैं सभापतिको उम्मेदवार बने। पहिलो चरणमा ३२४ मत ल्याएका सिटौला दोस्रो चरणको मतदानमा भने निर्णायक बने। सिटौला कै साथ र सहयोगमा शेरबहादुर देउवा पहिलो पटक सभापति चुनिए। त्यसयता निरन्तर सभापति देउवा खेमामा रहेर तेस्रो धारको नेतृत्व गरेका सिटौलाले देउवाबाट पार्टीभित्र र सत्ता दुबैतिर भागबण्डा लिँदै आए।

१३औं महाधिवेशनमा आर्जित गरेको शक्ति १४औं महाधिवेशनसम्म आइपुग्दा भने टिकाउन सकेनन् सिटौलाले। युवा नेता गगनकुमार थापाले १३औं र प्रदीप पौडेलले १४औं महाधिवेशनपछि उनको साथ छोडिसकेका छन्। १४औं महाधिवेशनबाट गगन महामन्त्री र पौडेल केन्द्रीय सदस्य निर्वाचित भएका छन्। केन्द्रीय कार्य समितिमा सिटौला निकट उमाकान्त चौधरी सहमहामन्त्री अनि केन्द्रीय समितिमा कुन्दनराज काफ्ले, तारामान गुरुङ, धना खतिवडा र शिव हुमागाँई केन्द्रीय सदस्य छन् भने कोशी प्रदेशको प्रदेश सभापति उद्धव थापा छन्। अर्को महाधिवेशनसम्ममा यिनले पनि सिटौलाको साथ छोड्ने हुन् कि ? त्यो चाहिँ समयले नै निर्धारण गर्ला।

समानुपातिक बन्दसूचीको नाम फिर्ता लिएर यसअघि चार पटक सांसद र मन्त्री बनिसकेका आनन्दप्रसाद ढुंगाना माघ १४ गते हुने निर्वाचनमा मधेश प्रदेशबाट उम्मेदवार छनौट भएपछि उनी निशानाको तारो बने। ढुंगानाको छनौटलाई लिएर सभापति देउवाको चर्को आलोचना भयो। अर्का पात्र कृष्णप्रसाद सिटौला भने कोशी प्रदेशबाट सर्वसम्मत चयन भए। उम्मेदवार छनौटको क्रममा गत आमनिर्वाचनमा पराजितलाई उम्मेदवार बनाउन नहुने अडान राख्दै आएका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा अनि शीर्षनेता डा. कोइरालाले सिटौलाको विगतको योगदानका आधारमा राष्ट्रियसभा अध्यक्षको भूमिकाका लागि उम्मेदवार बनाउन सकारात्मक (पोजेटिभ) बन्दै 'ग्रीन सिग्नल' दिएपछि मात्र सिटौलालाई त्यस्तो अवसर प्राप्त भयो। ढुंगानाका हकमा उनी धनुषाबाट प्रतिनिधित्व गर्ने भए पनि मधेशी अनुहारको प्रतिनिधित्व नभएको भन्दै उनको चर्को विरोध भएको थियो। विवादैविवादबीच सभापति देउवाको हस्तक्षेपका कारण ढुंगाना पनि छनौट भए।

सभापति देउवाको कार्यशैलीप्रति असहमति जनाउँदै महामन्त्रीद्वय थापा र शर्मा अनि केन्द्रीय सदस्यहरू अर्जुननरसिंह केसी र बलबहादुर केसीले आफ्नो फरक मत दर्ज गराएका थिए पार्टी संसदीय बोर्डको बैठकमा पुस २२ गते। महामन्त्री थापाले लेखेको फरक मतको अंश यस्तो छ- 'यो निर्णयले पार्टीमा कुनै पनि आग्रह नराखी निर्णय हुन्छ, सबै तह र तप्काका साथीलाई समान ढंगले न्यायको अनुभूति र अवसरमा स्थान हुन्छ भन्ने विश्वासलाई पुनः एक पटक खण्डित गरेको छ। यस्तो आग्रहपूर्ण निर्णयले पार्टीभित्रको लोकतन्त्रलाई समेत कमजोर बनाउँछ। अतः आजको निर्णयप्रति मेरो लिखित असहमति रहेको छ।'

राष्ट्रियसभा सदस्यका लागि उम्मेदवार चयन गर्दा कुनै पनि अवसर नपाएका वा विभिन्न कारणले अवसरबाट वञ्चित भएका योग्य तथा लोकप्रिय व्यक्तिलाई प्राथमिकता दिने र गत आमनिर्वाचनमा पराजितलाई टिकट नदिने पार्टीले निर्धारण गरेको मापदण्ड विपरीत पुस २२ गते बसेको कार्य सम्पादन समितिको बैठकले केही विवादित व्यक्तिलाई छनौट गरेपछि त्यस्तो निर्णयको आलोचना र विरोध भयो। प्रतिनिधिसभामा लगातार दोस्रो पटक पनि पराजित भएपछि सक्रिय राजनीतिबाट विश्राम लिन खोज्दै गत वर्ष सम्पन्न राष्ट्रपति निर्वाचनमा राष्ट्रपतिको उम्मेदवार बन्न इच्छा राखेका कृष्णप्रसाद सिटौलाप्रति माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सकारात्मक भए पनि नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा बाधक बने सिटौलाका लागि त्यस बेला।





जीवनको उत्तरार्द्धमा रहेका काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल राजनीतिबाटै किनारा लाग्दै सन्यासै लिनुपर्ने परिस्थिति सिर्जना भएपछि १४औं महाधिवेशनमा आफूलाई सभापतिमा निर्वाचित गराउन महत्त्वपूर्ण भूमिका खेलेका पौडेलको गुनको ऋण चुक्ता गर्न अनि त्यसैबेला राष्ट्रपतिका लागि दिएको बचन पूरा गर्न देउवा पौडेलको पक्षमा उभिएपछि पाँच दलीय गठबन्धनको साझा उम्मेदवार बन्न सफल भएका थिए रामचन्द्र पौडेल। यहाँ स्मरणीय के छ भने त्यसैबेला देउवा र दाहालले अनौपचारिक समझदारी गर्दै सिटौलालाई राष्ट्रियसभा अध्यक्ष बनाउने सहमति गरेका थिए।

सत्ता गठनबन्धनको प्रमुख दल नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवासँग विभिन्न प्रकरण र मुद्दामा मतभेद भई दूरी बढ्दै सम्बन्ध समेत चिसिएको पृष्ठभूमिमा नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री कमरेड पुष्पकमल दाहाल (प्रचण्ड)ले फागुन १६ गते पार्टीको स्थायी समितिको बैठकबाट आफ्नो पार्टीको तर्फबाट राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने औपचारिक निर्णय गराएपछि काङ्ग्रेस झस्कियो। प्रचण्डले आफ्नो पार्टीको तर्फबाट राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गर्दैगर्दा सहयात्री दलहरूसँग छलफल गर्न आवश्यकै ठानेनन्। हेक्का रहोस्, कमरेडलाई राष्ट्रपतिको निर्वाचन अगावै देउवा र दाहालबीच भएको सहमतिकै धरातलमा टेकेर गठबन्धनको तर्फबाट सिटौलालाई अध्यक्ष बनाउने योजनाका साथ कोशी प्रदेशबाट राष्ट्रियसभा सदस्यको उम्मेदवार बनाइएको होइन र ?

केही महिनाअघिसम्म आफ्नो रोजाईमा रहेका सिटौलालाई ऐनमौकामा धोका दिएर सिटौलाले लगाएको गुनको नजरअन्दाज र अवमूल्यन गर्दै मानमर्दन गरे पुष्पकमल दाहाल (प्रचण्ड)ले। दाहालले काखमा राखेर पछाडिबाट छुरा प्रहार मात्र गरेनन् करौंती समेत चलाएर शिकारै गरे सिटौलाको। देउवा र दाहालको निकृष्ट खेलको भकुन्डो बन्न बाध्य भए सिटौला। प्रचण्डका खुनी हातको औंलाले कलम चोबेर आफ्ना भाइ नारायणप्रसाद दाहाललाई राष्ट्रियसभा अध्यक्षको उम्मेदवार बनाउन गरेको निर्णय सार्वजनिक भएसँगै सिटौला मर्माहत भए। राष्ट्रियसभा सदस्यको पद सिटौलाका लागि 'नखाऊँ भने दिनभरिको शिकार, खाऊँ भने कान्छाबाबुको अनुहार' भन्ने उखान जस्तै बन्यो।

फागुन २७ गते एकाबिहानै काङ्ग्रेस महामन्त्री गगनकुमार थापा र संसदीय दलका प्रमुख सचेतक रमेश लेखकलाई साथैमा लिएर प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर सिटौलाले नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री दाहाललाई धोकेबाजको आरोप लगाउँदै यस्तो चुनौति दिए- 'म तपाईंलाई चुनाव लड्दासम्मको गठबन्धनको नेकपा माओवादी केन्द्रको हैसियतमा रहनुभएका अध्यक्षसँग भेट्न आएको हुँ। तपाईंले गिरीजाप्रसादलाई त्यस बेला दिएको धोकासँगै मलाई अहिले पार्टीगतसँगै व्यक्तिगत रूपमा दिएको धोका सम्झाउन आएको हुँ। तपाईं त्यसबेला गिरिजाबाबुलाई दिएको धोकाका कारण पश्चात्ताप गरेको नाटक गरिरहनुभएको थियो। तर, त्यो पश्चात्ताप होइन, नाटक रहेछ। तपाईंले गरेको विश्वासघात र धोकाको श्रृङ्खला यत्तिमै टुङ्गियो भन्ने नठान्नु होला। तपाईंसँग आज म राष्ट्रियसभा अध्यक्षको आकांक्षी होइन, नेपाली काङ्ग्रेसको राष्ट्रियसभा संसदीय दलको नेताको हैसियतमा भेट्दै छु।

गृहमन्त्री रहेकै बेला २०६३ असारमा माओवादी सुप्रिमो कमरेड पुष्पकमल दाहाल (प्रचण्ड) र अर्का नेता डा. बाबुराम भट्टराईलाई कास्कीको सिकलेसबाट हेलिकोप्टरमा सवार गराएर प्रधानमन्त्री निवास बालुवाटारमा रातो कार्पेट बिछ्याएर उनीहरूको स्वागत र सत्कारमा जुटेका काङ्ग्रेस नेता कृष्णप्रसाद सिटौला नेपालको शान्ति प्रक्रियाका एक प्रमुख पात्र हुन्। कमरेड प्रचण्डले बेइमानी गरेको यो प्रकरणको हिसाबकिताबको मूल्य ढीलोचाँडो उनका लागि महङ्गो पर्न सक्ने विश्लेषण छ यो पंक्तिकारको।

गृह जिल्लाका आफ्ना आलोचकलाई भित्तैमा पुर्‍याउने अनि योग्यता, क्षमता भएका ऊर्जाशील कार्यकर्तालाई पाखा लगाएर आफ्ना वरिपरिका झुण्ड 'एस् म्यान'सँग मात्र रमाउने आरोप खेप्दै आएका सिटौलाको एउटा मात्र पाटो खोतलेर पूर्वाग्राही भएर अर्को पाटो बिर्सियो भने त्यो उनीमाथि अन्याय हुन जान्छ। सिटौलाले नेपालको शान्ति प्रक्रियामा पुर्‍याएको अतुलनीय योगदानको प्रशंसा र उच्च मूल्याङ्कन गर्नै पर्छ। राजनेताको छवि बनाइसकेका व्यक्तित्वले झुण्डमा रमाउनुभन्दा त्यस क्षेत्रकै मियो बन्नु पर्दछ भन्ने मत समेत रहेको छ कार्यकर्ताको।

१३औं महाधिवेशनबाट शेरबहादुर देउवाले नेपाली काङ्ग्रेसको मूल नेतृत्व हत्याएपछि इतिहासमै सबैभन्दा कमजोर बनेको काङ्ग्रेस खस्कँदै गई आफ्नो हैसियत र शाख गुमाउन पुग्यो। काङ्ग्रेसको घरको छानो त भत्कियो नै जगसमेत भत्काउने दुस्प्रयास गरे देउवाले। पार्टी सभापतिको बन्धक बन्दै काङ्ग्रेसले कहिले उग्र बामपन्थी कम्युनिष्ट त कहिले चरम दक्षिणपन्थी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को बैशाखी टेक्न पुग्यो। आफ्नो सिद्धान्त, मूल नीति, आदर्श, विचार मूल्य-मान्यता र संस्कार त्याग्दै लक्ष्मणरेखा नै पार गर्‍यो काङ्ग्रेसले। स्वेच्छाचारी सभापति देउवाले प्रहार गरेको खुकुरीको चोट अचानो बनेर सहन बाध्य भए काङ्ग्रेसका स्वाभिमानी, निष्ठावान् नेता कार्यकर्ता। देउवा सिङ्गो पार्टीको मियो नबनेर एउटा झुण्डको मुखिया मात्रै बन्दै आएका छन्।

लोकतन्त्रको पर्याय बन्दै आएको काङ्ग्रेसको भूमिका गौण बन्दै जानुमा उसको आधारभूत सैद्धान्तिक धरातलमा आएको विचलन र मूल्य स्खलन नै हो। यसको सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता सभापति देउवाले लिनु पर्छ। त्यसो त देउवाले गरेका अक्षम्य गल्ती र दोषीमा देउवापत्नी आरजु देउवा (राणा), प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्की, मिन विश्वकर्मा, मोहनबहादुर बस्नेत, महेन्द्र यादव, किशोरसिंह राठोर पनि भागिदार छन्। दोषको धेरै अंशको नैतिक जिम्मेवारी आरजु भाउजूले लिनु पर्छ। सत्ताका पारखी देउवा र उनका किचन क्याबिनेटका सदस्य सत्ता बाहिर रहँदा पानीबिनाको छटपटाएको माछा जस्तै हुन्छन् भने सत्ता प्राप्त भएपछि उनमा उन्माद चढ्छ।

देउवालाई सत्ताको मात र बात दुबै लाग्दै आएको छ। देउवा तिनै पात्र हुन् जसले तानाशाही निरङ्कुश राजा ज्ञानेन्द्रबाट निगाहाबक्स भएको अलङ्कार छातीमा भिरेर प्रजातन्त्र राजा ज्ञानेन्द्रलाई लगेर बुझाएका थिए। त्यति मात्र होइन निर्वाचन गराउन नसकेको आरोपमा राजा ज्ञानेन्द्रको बर्खास्तीमा परेका देउवालाई उनै राजा ज्ञानेन्द्रले प्रधानमन्त्रीमा पुनः नियुक्त गरेपछि 'गोरखाका राजाले न्याय दिए' भनि ज्ञानेन्द्रका पाउमा सभक्ति कृतज्ञता चढाएका थिए। लोकतान्त्रिक पार्टीको नेताको खोल ओढेर पार्टीमा निरङ्कुश र तानाशाही हुने अभ्यास गर्दै आएका शेरबहादुर देउवा 'इम्पेरियर न्यू क्लोथ' को बादशाहको भूमिकामा देखिँदै आएका छन्।

इतिहासको कालखण्डमा खरो उत्रँदै डेमोक्रेटिक धारकामे नेतृत्व गर्दै आएको देशकै सबैभन्दा जेठो पार्टी काङ्ग्रेसले आज आएर हात पसारेर अनि अञ्जुली थापेर अरूको निगाहा अनि खटनपटनमा मागी खानु पर्ने, आफ्ना कार्यकर्ताको आलो रगतले लतपतिएको माआवादी सुप्रिमो कमरेड पुष्पकमल दाहाल (प्रचण्ड) को रक्तरञ्जित खुनी हातबाट 'भिख' लिनु पर्ने अनि १७ हजार नेपाली नागरिकको घाँटी रेटेर कमरेडले तयार गरेको रगतको आहालमा काङ्ग्रेसलाई पौडी खेलाउने, त्यस्तै गरेर काङ्ग्रेसको सिद्धान्त, दर्शनको थैली सजाएको किस्तीमा राखेर प्रचण्डका पाउमा चढाउँदै उनकै आरती उतार्दै आएका काङ्ग्रेस सभापति शेरबहादुर देउवाको जान-अन्जानमा सारथी बनेर फड्के किनाराको साक्षी बस्नु चाहिँ सिटौलाले गल्ती गरेकै हुन् भन्छन् काङ्ग्रेसका कार्यकर्ता।

तत्कालीन संविधानसभाको निर्वाचनमा भाग लिँदै गर्दा माओवादीले देशभरि नै एउटा नारा घन्काएको थियो, 'माओवादीलाई भोट दिऊँ, प्रचण्डलाई भावी राष्ट्रपति बनाऔं'। नाराले पर्खाल रङ्गिएका थिए भने ब्यानर र पम्प्लेटले भित्ता भरिएका थिए। माओवादी अध्यक्ष कमरेड पुष्पकमल दाहाल (प्रचण्ड) त भित्ते राष्ट्रपति बने नै उनले गुथेको भित्ते राष्ट्रपतिको ताज सिटौलालाई समेत पहिर्‍याइदिए भित्ते राष्ट्रियसभा अध्यक्षका रूपमा।

*(पराजुली शहीद श्रीप्रसाद पराजुली पुत्र हुन्।)*

# डाइबेटिज भएकाले कस्तो खाना खाने ?

डाइबेटिज भएकाले के खाने, के नखाने र कति मात्रामा खाने भन्ने कुरा बुझ्नै पर्छ। यो कुरा बुझेर त्यही अनुसार आफ्नो डाइट प्लान बनाउन सकेमात्र सुगर नियन्त्रणमा राख्न सकिन्छ। अन्यथा औषधीले मात्र यसलाई नियन्त्रण गर्न सकिँदैन। मेरा कयौं बिरामी मैले औषधी त समयमा खाइरहेकै छु। तर, सुगर नियन्त्रण भएन भनेर आउनुहुन्छ। उहाँहरुमा भएको समस्या नै औषधी त खानुभयो तर डाइटमा ध्यान दिनुभएन। त्यसैले हरेक मधुमेहको समस्या भएका बिरामीले मैले कति मात्रामा कस्तो खाना खाने भन्ने आफनो डाइटिसियनसँग बुझ्नैपर्छ।

मधुमेह हुने भनेको रगतमा सुगरको मात्रा बढी भएर हुने हो। अब हामीले के कुरा बुझ्न पर्‍यो भने रगतमा अझ धेरै एकै पटक सुगर बढाउने कुरा एकै पटक धेरै खान भएन। त्यसैले सिँधै रगतमा चिनीको मात्रा बढाउने खाना के हुन् भन्ने बुझ्न पर्छ। गुलिया फलफूलका जुस, भात, तरुल, आलु, प्रशोधित खानेकुरा, फ्याक्ट्रीमा बनेका रेडिमेड गुलिया जुस लगायतका खानेकुरामा धेरै चिनीको मात्रा हुने भएकाले यी खानेकुरा धेरै खान भएन। अझ प्रशोधित खानेकुरा त नखाएकै राम्रो।

अर्को कुरा हामी धेरै नेपालीले आफ्नो दुबै खानामा भातको प्रयोग गरेको पाइन्छ। भातमा कार्बोहाइड्रेडको मात्रा बढी हुन्छ। त्यसैले मधुमेह भएकाले कम कार्बोहाइड्रेड खाएको राम्रो मानिन्छ। त्यसैले भात खान मिल्छ, तर यसको मात्रा भने मिलाएर मात्र खान पर्छ। थोरै भात, धेरै हरियो सागसब्जी, दाल गरेर खान सकिन्छ। एउटा कुरा के याद गर्न पर्‍यो भने भात खाँदै गर्दा अन्य कार्बोहाइड्रेड भएका खाना जस्तैः आलु, तरुल नखाएको राम्रो। अथवा आलु खान मन छ भने भातको मात्रा कम गरेर थोरै आलु खान सकिन्छ।



त्यसैगरी चोकर भएका मकै, कोदो, फापर, जौ, ओट्स जस्ता खानामा फाइबर धेरै हुने भएकाले यस्ता खानाले रगतमा सुगर नियन्त्रणमा राख्न मद्दत गर्छन्। त्यसैले यस्ता खाना खान सकिन्छ। फाइबरयुक्त खानाले कब्जियतको समस्या पनि हुन दिँदैन। तरकारीमा घिरौला, लौका, मुला, ब्रोकाउली आदि खाँदा हुन्छ। फलफूल खाँदा पनि कम गुलिया फलफूल रोजेको राम्रो। त्यसमा पनि फलफूल खाँदा यसको जुस बनाएर नभई सिंगै फलफूल खानु ठिक मानिन्छ।

यो सँगै मधुमहमा प्रोटिनको मात्रा पनि त्यत्तिकै मिलाउनुपर्छ। प्रोटिनको लागि दाल, कुखुराको मासु, गेडागुडी, माछा, तोफु खान सकिन्छ। शरीरलाई फ्याट पनि चाहिन्छ। फ्याट दुई प्रकारका हुन्छन्। स्याचुरेटेड फ्याट र ट्रान्स्फ्याट। स्याचुरेटेट फ्याट घिउ, बटरमा हुन्छ। यो सकेसम्म कम मात्रामा खान सकिन्छ भने ट्रान्सफ्याट प्रोसेस्ड फुडमा धेरै पटक प्रयोग गरिएको हुन्छ। त्यसैले यो प्रयोग नगर्नु वेस हुन्छ। यसले सिँधै मुटुमा असर गरेको पाइन्छ। अन्त्यमा सुगर नियन्त्रणका लागि डाक्टरको सल्लाह बमोजिमको औषधी, नियमित एक्सरसाइजसँगै आफ्नो खानाको पनि विशेष ख्याल गर्न जरुरी हुन्छ। यति गर्न सकियो भने पक्कै पनि सुगरलाई नियन्त्रणमा राख्न सकिन्छ।

# आमाको काजकिरिया गर्दै अर्यालका छोरीहरु

**इलाम, चैत १७।** आफ्ना बुबा-आमाको मृत्यु हुँदा छोराले मात्र काजकिरिया गर्नुपर्छ भन्ने परम्पराको अन्त्य गर्दै इलामको रोङ गाउँपालिका-४, कोल्बुङमा छोरीले आमाको किरिया गरिरहेका छन् ।

पूर्वाञ्चल दैनिकका इलामका संवाददाता पत्रकार गणेश अर्यालकी पत्नी तारा रिजाल अर्यालको निधन भएपछि उनका छोरीहरू १८ वर्षीया गरिमा र १४ वर्षीया योजनाले अहिले कोरामै बसेर आमाको काजकिरिया गरिरहेका छन् । छोराले जस्तै सेतो वस्त्र लगाएर उनीहरू काजकिरियामा रहेका छन् ।

आफ्नी आमाको अन्त्येष्टिमा पनि उनै छोरीहरूले दागबत्ती दिएका थिए । कान्छी छोरी आठ वर्षकी मात्र भएकाले उनी चाहिँ काजकिरियामा सहभागी भइनन् । हिन्दूशास्त्रमा कतै उल्लेख नभए पनि छोराले मात्रै आफ्ना आमा-बुबाको काजकिरिया गर्ने चलन लामो समयदेखि समाजमा छ । छोरीले काजकिरिया गर्नुहुँदैन भन्ने गलत परम्परा तोड्दै आफूलाई जन्मदिने आमाको आफैंले काजकिरिया गरिरहेको जेठी छोरी गरिमाले बताइन् ।



'छोरा भए पनि छोरी भए पनि जन्म आमाले दिनुभएको हो' -उनले भनिन्- 'आमाप्रतिको आफ्नो दायित्व पूरा गर्न लिङ्गका आधारमा फरक हुन्छ र ?' उसो त, यहाँ पनि छोरा नभएको अवस्था कसले किरिया गर्ने भन्ने विषयमा गाउँघर र परिवारबीच व्यापक छलफल नभएको होइन । छलफलमा केहीले छोरीले काजकिरिया गर्न नहुने तर्क पनि राखेका हुन् ।

तर, स्थानीय पण्डित र पुरोहितले हिन्दूधर्मका विज्ञसँग सल्लाह माग्दा छोरीलाई काजकिरिया गर्न कतै बन्देज नभएको थाहा पाएपछि छोरी नै काजकिरिया थालेको एक स्थानीयले बताए ।

'पहिला त यहाँका केही पण्डित-पुरोहितले पनि छोरीको काजकिरिया स्वीकार्न मानेका थिएनन्' -उनले भने- 'तर, पछि कर्मकाण्डका विज्ञसँग सल्लाह लिँदा छोरीलाई कुनै बाधा नपर्ने बुझेपछि काजकिरिया शुरु भएको हो ।' दिवंगत ताराका पति पत्रकार अर्यालले समाजका कतिपयले अझै पनि शास्त्रीयभन्दा परम्परागत चलनमा मात्रै विश्वास राख्दा रुढीवादी संस्कार हट्न नसकेको बताए ।

नेपाल पञ्चांग निर्णायक समितिका कार्यकारी निर्देशक पण्डित ज्योतिषी सूर्यप्रसाद ढुंगेलले छोरीले काजकिरिया गर्न नहुने भन्ने व्यवस्था कतै पनि नभएको बताए । 'छोराले मात्रै आफ्ना आमा-बुबाको काजकिरिया गर्नुपर्छ भन्ने चलन चलिआएको हो, छोरीले गर्न हुँदैन भन्ने छैन' -उनले भने- 'अहिले त छोरा र छोरी समान दृष्टिमा हुने भएकाले पनि काजकिरियामा कुनै बाधा-अवरोध हुँदैन ।'

ताराको गत चैत १३ गते क्यान्सर रोगका कारण निधन भएको थियो । केही समयअघि इलामकै सूर्योदय नगरपालिका-१२ को एक परिवारमा छोरीले नै आफ्ना बुबाको काजकिरिया गरेका थिए ।

# एकल महिला समूहलाई व्यवसाय गर्न 'बीऊ पुँजी'



**इलाम, चैत १७।** सूर्योदय नगरपालिका-८, ९ र १० का ३५ जना एकल महिलाका पाँच वटा समूह छन् ।

एक महिनाअघि गठन भएका ती समूहलाई कोशी प्रदेश सरकारसँगको साझेदारीमा नगरपालिकाले पाँच दिने उद्यम सम्बन्धी तालिम दिएर सामुहिक व्यवसाय गर्न बाटो देखायो ।

बाखा पालन, बङ्गुर पालन, पुष्प खेती, 'टनेल'मा सागसब्जी खेती र 'ब्युटीपार्लर' सञ्चालनको चाहना व्यक्त गरेका उनीहरुलाई दुई तहका सरकारले प्रतिएकल महिला रु. ३५ हजारका दरले बीऊ पुँजी उपलब्ध गराएको छ । एक कार्यक्रमका बीच मूल समिति 'प्रगतिशील एकल महिला उद्यमशील समूह'लाई रु. दश लाख ५० हजार रकम हस्तान्तरण गरिएको नगर प्रमुख रणबहादुर राईले बताए ।

'एकल महिलालाई व्यवसायमा जोड्न र बचत गर्ने संस्कार विकास गर्न बीऊ पुँजी दिएका हौं' -नगर प्रमुख राईले भने- 'एकल महिलाहरु समूहमा आबद्ध हुनुहुन्छ । दैनिक वा मासिक बचत सङ्कलन गर्नुहुन्छ । उनीहरुको इच्छा बमोजिम उद्यमशील तालिम दिएर व्यवसायमा जोड्न बीऊ पुँजीको कार्यक्रम ल्याएका हौ ।'

सूर्योदय-८ मालुमकी प्रमिला थापाले ब्युटीपार्लर सञ्चालन गर्न बीऊ पुँजी पाएपछि व्यवसायमा लगानी बढाउने बताए । 'समूहगत रुपमा लगानी वृद्धि गरेर व्यवसायलाई जीवनयापनको माध्यम बनाउने लक्ष्य छ' -उनले भने- 'सामान्य तरिकाले पसल गरिरहे पनि लगानी बढाउन नसक्दा व्यावसायिक बन्न सकिएको थिएन । नगरपालिकाबाट तालिम पनि पाएका छौं । पैसा पनि पाइयो, अब यसैबाट सफल बन्नुछ ।' तीन वर्षपछि बीऊ पुँजीका रुपमा लिइएको रु. ३५ हजार भने नगरपालिकालाई फिर्ता गर्नुपर्ने प्रमुख राईले बताए । 'उक्त रकम तीन वर्षमा नगरपालिकालाई फिर्ता गर्नुपर्ने हुन्छ ।

सो रकम हामी अन्य एकल महिलालाई हस्तान्तरण गर्दै जान्छौं । बीचमा एकल महिलाले विवाह गरेमा पनि रकम नगरपालिकामा फिर्ता गर्नुपर्छ' -उनले भने- 'यो रकमले सामुहिक खेती गर्न, व्यवसाय गर्न र नियमित बचत गर्न सहयोग पुर्‍याउँछ ।'

एकल महिलाले एक्लोपनको महसुस गर्नु नपरोस्, आत्मनिर्भर बन्न सकुन् भनेर व्यवसायमा आकर्षित गराइएको उनी बताउँछन् । उनका अनुसार पालिकाभरि करिब एक हजार एकल महिला रहेका छन् । छ सयभन्दा बढी एकल महिलाले स्वास्थ्य बीमा भएको छ ।

सामुहिक रुपमा एकताबद्ध हुँदा व्यावसायिक सफलता मिल्ने ठानेर यो अभियान शुरु गरिएको हो । 'एक घर एक करेसाबारी' कार्यक्रम अन्तर्गत केही सागसब्जी खेतीमा पनि आबद्ध भएका छन् । नगरपालिकाका चौध वटै वडामा कार्यक्रम पुर्‍याउने पालिकाको लक्ष्य छ ।

# खोटाङका एघार ठाउँमा बृहत् स्वास्थ्य शिविर

**खोटाङ, चैत १७।** बेलायतस्थित खोटाङ सेवा समाजले स्वास्थ्य सेवामा पहुँच नभएका जिल्लावासीलाई लक्षित गरेर बृहत् स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

समाजले 'जन्मभूमिको सम्मान, स्वास्थ्य श्रमदान अभियान' नाराका साथ जिल्लाका विभिन्न ११ ठाउँमा बृहत् स्वास्थ्य शिविर आयोजना गरेको हो । विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोलीले हरेक ठाउँमा दुई दिन निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन थालेका समाजले जनाएको छ ।

शिविर यही चैत २३ गतेसम्म सञ्चालन हुनेछ । निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ । बृहत् स्वास्थ्य शिविरको पहिलो चरणमा जिल्लाका विभिन्न चार स्थानमा एकैसाथ सेवा प्रवाह गरिएको समाजका अध्यक्ष डा. प्रमोद राईले बताए ।



साकेला गाउँपालिकाको साकेला आधारभूत अस्पताल, खोटेहाङ गाउँपालिकाको खोटाङ बजार स्वास्थ्यचौकी, जन्तेढुङ्गा गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र चिसापानी र रावाबेँसी गाउँपालिकाको हरमटारमा शिविर सञ्चालन भएको छ ।

बृहत् स्वास्थ्य शिविरमा गाइनोक्लोजिस्ट, पेडियाट्रिक, जनरल फिजिसियन, दन्त रोग, हाडजोर्नी, ग्यास्ट्रोलोजी लगायत रोगको उपचार र परीक्षण गरिने छ । साथै निःशुल्क औषधि पनि वितरण गरिने छ ।

ऐसेलुखर्क गाउँपालिकाका चार ठाउँमा तथा चैत २० र २१ गते हलेसी तुवाचुङ नगरपालिका, बराहपोखरी गाउँपालिका, दिप्रुङ चुइचुम्मा गाउँपालिका र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-९ निर्मलीडाँडामा शिविर सञ्चालन गरिनेछ । चैत २२ र २३ गते दिक्तेल रुपाकोट मझुवागढीको बुइपा र केपिलासगढी गाउँपालिकाको बाक्सिला बजारमा शिविरको आयोजना हुनेछ ।

सेवा समाजका पदाधिकारी तथा सदस्यबाट सङ्कलित रु. तीन करोड दश लाख बराबरको रकम स्वास्थ्य शिविरमा खर्च हुने अध्यक्ष राईले बताए । शिविरमा ४५ जना विशेषज्ञ चिकित्सकसहित एक सय ३० जनाभन्दा बढी स्वास्थ्यकर्मीले सेवा प्रवाह गर्नेछन् ।

# अधिकांश उजुरी मेलमिलापबाटै समाधान

**झापा, चैत १७।** भद्रपुर नगरपालिकामा न्यायिक समितिमा परेका उजुरी मध्ये ८५ प्रतिशत मेलमिलापका माध्यमबाट निरुपण भएका छन् ।

चालू आर्थिक वर्ष २०८०/०८१ को हालसम्ममा समाधान भएका ४७ मध्ये ४० उजुरीको मेलमिलापका माध्यमबाट गरिएको न्यायिक समितिले जनाएको छ । समितिका संयोजक एवम् भद्रपुर नगरपालिकाका उपप्रमुख राधा कार्कीले विवाद समाधान भएका ४७ उजुरी मध्ये ४० वटाको मेलमिलापका माध्यमबाट समाधान गरिएको जानकारी दिए ।

'नगरपालिकामा जग्गा मिचेको, पतिपत्नीबीचको झगडा, ज्याला मजदुरी नदिएको लगायत विषयमा प्रमुखरुपमा उजुरी आउने गरेका छन् ।' -उनले भने । उनले उजुरी परिसकेपछि दुबै पक्षलाई जितको महशुस हुनेगरी एकआपसमा समझदारी कायम गरी खुशी बनाएर पठाउने गरिएको बताइन् ।

चालू आवमा दर्ता भएका ६७ उजुरीमध्ये ४७ वटाको निर्णय तथा मेलमिलापका माध्यमबाट विवाद समाधान गरिएको नगरपालिकाले जनाएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) मा विभिन्न १३ वटा विवादको निरुपण गर्ने अधिकार र दफा ४७(२) मा विभिन्न ११ वटा विवादमा मेलमिलापका माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकारको व्यवस्था गरिएको छ ।

# विद्यार्थीको स्वागत तथा विदाइ



**अर्जुनधारा, चैत १७।** स्वतन्त्र विद्यार्थी युनियन शनिश्चरे बहुमुखी क्याम्पस इकाई कमिटीको आयोजनामा स्वागत तथा विदाइ कार्यक्रम सम्पन्न भएको छ ।

यस शैक्षिक वर्षका नवआगन्तुक एक सय ५० जना विद्यार्थीलाई स्वागत तथा अन्तिम वर्षका ५१ जना विद्यार्थीलाई विदाई गरिएको कमिटीका अध्यक्ष विशाल थापाले जानकारी दिए ।

अध्यक्ष थापाको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि अर्जुनधारा-१ का वडाध्यक्ष उपेन्द्र बस्नेतले उद्घाटन गरेका थिए । कार्यक्रममा क्याम्पसलाई क्रमशः एक लाख ६९ हजार रुपैयाँ र ५० हजार रुपैयाँ बराबरको पुस्तक उपलब्ध गराउने अर्जुनधारा-१ का वडाध्यक्ष बस्नेत र ३ का वडाध्यक्ष सीताराम भट्टराईलाई सम्मानित गरिएको थियो ।

कार्यक्रममा सम्मानित व्यक्तित्व वडाध्यक्ष भट्टराई, क्याम्पस सञ्चालक समितिका अध्यक्ष हेमप्रसाद खरेल, प्राध्यापक संघका अध्यक्ष दीनेश बाँस्कोटा, नेपाल विद्यार्थी संघ झापाका सभापति सञ्जय निरौला, अखिल क्रान्तिकारी झापाका अध्यक्ष रञ्जन धमला लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा विद्यार्थीहरुले गीत, कविता तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कमिटीकी उपाध्यक्ष समिक्षा राईले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन संयुक्तरुपमा सचिव गगन चापागाईं र सहसचिव खेमचन्द्र गौतमले गरेका थिए ।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।

७ बार १२ महिना संचालनमा

घिमिरे अफसेट प्रेस

अतिथिसदन उत्तर पट्टिको घर

फोन नं. : ०२३-५९०१५९,

अफिस: ९७४६८७९७०२

९८४२६२५३५३, ९८१४०३६३४४

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे

दैनिक सेवा

रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**

मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य

## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**

९८०४९५४४००, ९८६६२४२४६६

अर्जुनधारा नगरपालिका- ४, झापा

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्ने छ, छोटो दुरीको यात्रा हुनेछ, आज तपाईको मन हर्षित रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** तपाईको आजको दिन फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेश्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।